पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

# स्थानीय राजपत्र

## पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

---

**आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन, २०८३**

---

**भाग १ , खण्ड १० , संख्या ६**

---

नगरसभाबाट स्वीकृत मिति : २०८३/०३/०५

---

प्रकाशन मिति : २०८३ असार २६ गते

---

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

## पाटन नगरपालिका बैतडीको आधारभूत स्वास्थ्य तथा सरसफाई ऐन, २०८३

**प्रस्तावना:**

पाटन नगरपालिका भित्रका नगरवासीहरुलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्य स्थानीय सरकारको जिम्मेवारी भित्र रही आएकोले सो को व्यवस्थापन गर्न स्पष्ट कानूनी व्यवस्था गरी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२६ वमोजिम पाटन नगरपालिकाको नगरसभाले यो ऐन तर्जुमा गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस ऐनको नाम "पाटन नगरपालिका बैतडीको आधारभूत स्वास्थ्य तथा सरसफाइ ऐन, २०८३" रहेको छ।

(ख) नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात यो ऐन लागु हुनेछ।

**२. परिभाषा**:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई सम्झनु पर्नेछ।

(ख) "ऐन" भन्नाले पाटन नगरपालिका बैतडीको आधारभूत स्वास्थ्य तथा सरसफाई ऐन २०८३ लाई सम्झनु पर्नेछ।

(ग) "नगरपालिका" भन्नाले बैतडी जिल्लामा अवस्थित पाटन नगरपालिकालाई सम्झनु पर्नेछ।

(घ) "कार्यपालिका" भन्नाले पाटन नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्नेछ।

(ङ) "स्वास्थ्य शाखा" भन्नाले पाटन नगर कार्यपालिकाको कार्यालयमा रहेको स्वास्थ्य शाखालाई सम्झनु पर्नेछ।

(च) "स्वास्थ्य संस्था" भन्नाले सरकारी, गैर सरकारी, निजी वा परोपकारी स्वास्थ्य संस्था सम्झनु पर्नेछ।

(छ) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्नेछ।

(ज) "सरकारी स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, आयुर्वेद औषधालय, आयुर्वेद स्वास्थ्य केन्द्र, नागरिक आरोग्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र लगायतका स्वास्थ्य इकाइहरुलाई सम्झनु पर्नेछ।

(झ) "निजी स्वास्थ्य संस्था" भन्नाले निजी स्तरबाट लगानी भई प्रचलित कानुन वमोजिम संचालन अनुमति लिई सेवाको साथै नाफामुखी उद्देश्यले संचालित स्वास्थ्य संस्थालाई सम्झनु पर्नेछ।

(ञ) "सामुदायिक स्वास्थ्य संस्था" भन्नाले सेवा मुलक उद्देश्य राखी प्रचलित कानुन वमोजिम स्थापना भएका स्वास्थ्य संस्था सम्झनु पर्नेछ।

(ट) "गैर सरकारी संघ संस्था" भन्नाले गैर सरकारी क्षेत्रबाट प्रचलित कानुन वमोजिम स्थापना भएका संघ संस्था सम्झनु पर्नेछ।

(ठ) "सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनु पर्नेछ।

(ड) "सेवा ग्राही" भन्नाले स्वास्थ्य संस्थाहरुवाट सेवा लिन आउने व्यक्ति सम्झनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत



नगर प्रमुख

(ढ) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सम्बन्धी बिषयमा उपाधी तथा तालिम हासिल गरि सम्बन्धित परिषदबाट अनुमति प्राप्त गरी स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सक, नर्स, लगायतका अन्य स्वास्थ्यकर्मीहरु समेतलाई सम्झनु पर्नेछ।

(ण) "सहयोगी कर्मचारी भन्नाले" सेवा प्रदायकलाई स्वास्थ्य सेवा प्रदान गर्न सहयोग गर्ने चालक, कार्यालय सहयोगी तथा सरसफाईकर्मी लगायतका कर्मचारी सम्झनु पर्नेछ।

(त) "स्वयंसेवक भन्नाले" महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्झनु पर्नेछ।

(थ) "जनस्वास्थ्य निरीक्षक" भन्नाले जनस्वास्थ्य सम्बन्धी अनुगमन गर्नको लागि तोकिएको पदाधिकारीलाई सम्झनु पर्नेछ।

(द) "तोकिएको" वा "तोकिए बमोजिम भन्नाले" यस ऐन र संघ, प्रदेशबाट बनेका सम्बन्धित ऐन, नियम तथा मापदण्ड अनुसार तोकिएका प्रावधान सम्झनु पर्दछ।

(ध) "आधारभूत अस्पताल भन्नाले" सरकारी नीति अनुसार नगरपालिका स्तरमा संचालन हुने १५ शैय्या सम्मको सरकारी अस्पताललाई जनाउनेछ।

(न) "आधारभूत स्वास्थ्य केन्द्र भन्नाले" नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्ने गरी सरकारी स्तरबाट स्थापना भएका प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य सेवा केन्द्र, जनस्वास्थ्य प्रबर्द्धन केन्द्र लगायतका स्वास्थ्य संस्थाहरुलाई जनाउनेछ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा तथा सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

### ३. आधारभूत स्वास्थ्य सेवाः

(१) कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन। प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) आधारभूत अस्पताल र आधारभूत स्वास्थ्य सेवा केन्द्रले उपलब्ध गराउन सक्ने गरी नेपाल सरकारले तोकेका देहाय बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु प्रत्येक नागरिकलाई निशुल्क प्राप्त गर्ने हक हुनेछ।

(क) खोप सेवा

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार योजना, सुरक्षित गर्भपतन, प्रजनन स्वास्थ्य तथा रूग्णता जस्ता मातृ तथा नवजात शिशु एवं बाल स्वास्थ्य सेवाहरु

(ग) सरुवा तथा संक्रामक रोग सम्बन्धी सेवा

(घ) नसर्ने रोग तथा शारीरिक बिकलांगता सम्बन्धी सेवा

(ङ) मानसिक स्वास्थ्य सम्बन्धी सेवा

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा

(छ) सामान्य आकस्मिक सेवा

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा

(झ) आयुर्वेद स्वास्थ्य सेवा

(ञ) नेपाल सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवाहरु



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

(३) नेपाल सरकारले निर्धारण गरेका उपदफा(२) वमोजिमका सेवाहरुमा स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा नगर कार्यपालिकाले निर्णय गरी आधारभूत स्वास्थ्य सेवाको सूचीमा थप गर्न सक्नेछ।

**४. आधारभूत स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाहरु:**

स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु ४ प्रकारका हुनेछन:-

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, शहरी स्वास्थ्य केन्द्र, र आयुर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, नागरिक आरोग्य केन्द्र, आयुर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन।

(ख) निजीः निजी क्षेत्रद्वारा प्रचलित कानुन अनुसार संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु जस्ता निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन।

(ग) ट्रष्ट वा लोककल्याणकारी: ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य संस्था तथा घुम्ती क्लिनिक यस अन्तर्गत पर्नेछन।

(घ) गाउँघर, खोप क्लिनिक, स्वास्थ्य क्लिनिक : मासिक रुपमा तोकिएको स्थानमा तोकिएका सेवा प्रदान गर्ने गरी गाउँघर, खोप क्लिनिक तथा अन्य घुम्ती स्वास्थ्य क्लिनिकहरु संचालन हुनेछन।

**५. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड:**

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ।

**६. नगर स्वास्थ्य समिति, स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समिति गठन, काम कर्तव्य र अधिकार:**

(१) नगरपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुको ब्यबस्थापन, संचालन, अनुगमन, मुल्यांकन गर्नुको साथै नगर क्षेत्र भित्रको समग्र स्वास्थ्य सेवा व्यवस्थापन गर्न तपसिल अनुसारको नगर स्वास्थ्य समिति रहनेछः-

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उप–प्रमुख - सदस्य

(ग) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(घ) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) नगर भित्र स्वास्थ्य क्षेत्रका सरोकारवाला वा विज्ञहरु मध्येवाट अढाई बर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना -सदस्य

(च) नगर स्तरीय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सञ्जालको अध्यक्ष - सदस्य

(छ) नगरसभा तथा कार्यपालिकाको सदस्यहरु मध्येवाट कार्यपालिकाले तोकेको १ जना महिला, १ जना दलित सहित २ जना - सदस्य

(ज) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) नगर स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) स्वास्थ्य तर्फ आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने।

(ख) नगरपालिका भित्र स्वास्थ्य संस्थाहरु थपघट गर्ने, भौतिक पूर्वाधार, स्वास्थ्य सेवा, अत्यावश्यक औषधी आपूर्ति, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धताको सुनिश्चितता गर्ने।

(ग) नगरपालिका क्षेत्र भित्र संचालन हुने निजी स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य संस्था संचालन मापदण्ड वमोजिम अनुमति प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

(घ) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति संग आवश्यक समन्वय, सहकार्य तथा सहजीकरण गर्ने।

(ङ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत व्यवस्थापन तथा परिचालन गर्ने, गराउने।

(च) सरकारी स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने, गराउने।

(छ) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने।

(ज) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध मिलाउने।

(झ) नगर कार्यपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने।

(ञ) स्वास्थ्य संस्था संचालन मापदण्ड वमोजिम नगरपालिका स्तरीय अनुगमन तथा मुल्यांकन समिति गठन गरी आवश्यक कार्य गराउने।

(ट) नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका निजी स्वास्थ्य स्वास्थ्य संस्थाहरुको अनुगमन, नियमन गर्ने, गराउने।

(ठ) आवश्यकता अनुसारका अन्य कार्यहरु गर्ने, गराउने।

(ड) बैठक कम्तिमा ३ महिनामा १ पटक र आवश्यकता अनुसार थप पटक बस्न सक्नेछ।

(३) नगरपालिकाको स्वामित्वमा रहेका नगर अस्पतालको व्यवस्थापनको लागि देहाय वमोजिमको एक अस्पताल ब्यबस्थापन समिति रहनेछ :-

(क) नगर प्रमुख - अध्यक्ष
(ख) नगर उपप्रमुख - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) नगर स्तरीय महिला संजालको अध्यक्ष - - सदस्य
(ङ) नगर कार्यपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने सदस्य - सदस्य
(च) महिला सा.स्वास्थ्य स्वयंसेविका मध्येबाट समितिले मनोनित गरेका एक जना - सदस्य
(छ) अस्पतालमा कार्यरत चिकित्सक/ स्वास्थ्यकर्मी र नर्स मध्ये दुई जना - सदस्य
(ज) अस्पताल रहेको वडाको वडा अध्यक्ष - सदस्य
(झ) स्वास्थ्य शाखा प्रमुख - सदस्य
(ञ) अस्पताल प्रमुख / मे.सु. - सदस्य सचिव

(४) नगरपालिकाको स्वामित्वमा रहेका अन्य स्वास्थ्य संस्थाहरुको व्यवस्थापनको लागि नगर प्रमुखको संरक्षकत्वमा देहाय वमोजिमको संचालन तथा व्यवस्थापन समिति रहनेछ:-

(क) स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष - अध्यक्ष
(ख) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्य मध्ये १ जना - उपाध्यक्ष
(ग) वडा भित्र रहेका विद्यालयहरुका प्र.अ. मध्ये १ जना - सदस्य
(घ) वडा स्तरीय महिला संजालको अध्यक्ष १ जना - सदस्य
(ङ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मध्येबाट समितिले मनोनित गरेका एक जना - सदस्य
(च) सम्बन्धित वडाको वडा सचिव - सदस्य
(छ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

स्थानीय वडाका किशोर र किशोरी, जेष्ठ नागरिक, दलित लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न पर्नेछ।

(५) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-



प्रमुख प्रशासकीय अधिकृत
नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

(क) स्वास्थ्य संस्थाको प्रगति तथा बिकासको लागि आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने।

(ख) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पतिको निर्माण, संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने, गराउने।

(ग) स्वास्थ्य सेवाबाट बञ्चित स्थानीय समुदायहरुलाई स्वास्थ्य सेवाको पहुँच सुनिश्चितताका लागि आवश्यक कार्यहरु गर्ने।

(घ) भौतिक पूर्वाधार, औषधी, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धताको सुनिश्चितता गर्न आवश्यक समन्वयात्मक कार्य तथा योजना बनाई लागु गर्न पहल गर्ने।

(ङ) स्वास्थ्य सम्बन्धी बार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन, उपलब्धीको समिक्षा, सामाजिक परीक्षण तथा सार्बजनिक सुनुवाईको व्यबस्था गर्ने।

(च) स्रोत साधनको व्यबस्थापन गरी तोकिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न आवश्यक कार्यहरु गर्ने, गराउने।

(छ) समितिको बैठक नियमित रुपमा मासिक १ पटक र आवश्यकता अनुसार थप बस्न सक्नेछ।

(ज) आवश्यकता अनुसारका अन्य कार्यहरु गर्ने, गराउने।

(६) बैंक खाता सञ्चालनः-

(१) हरेक स्वास्थ्य संस्थाको आफ्नो नाममा वैंक खाता संचालन हुनेछ।

(२) स्वास्थ्य संस्थाको वैंक खाता वडा सचिव र सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ।

(३) स्वास्थ्य संस्था व्यवस्थापन समितिको निर्णय तथा प्रचलित नियम अनुसार खर्च गरी लेखा व्यवस्थापन गर्नु पर्नेछ।

(४) स्वास्थ्य संस्थाको बार्षिक कारोवारको लेखा परीक्षण महालेखा परीक्षक वा रजिष्टर्ड लेखा परीक्षकबाट गराउनु पर्नेछ।

(५) स्वास्थ्य संस्थाहरुले आर्थिक बर्ष समाप्त भएको १ महिना भित्र सार्वजनिक सुनुवाई र लेखा परिक्षण सम्पन्न गरी १-१ प्रति प्रतिबेदन नगरपालिकामा पेश गर्नु पर्नेछ।

## परिच्छेदः ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

**७. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः**

(१) आधारभूत अस्पतालः- नेपाल सरकारबाट तोकिएको मापदण्ड तथा दरवन्दी संरचना अनुसार १५ शैय्या सम्म क्षमताको आधारभूत अस्पताल सञ्चालन गर्न सक्नेछ।

(२) स्वास्थ्य चौकी/आधारभुत स्वास्थ्य सेवा केन्द्रः- नगरपालिकाले प्रत्येक वडामा कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी / आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्नु पर्नेछ।

(क) जनशक्तिः- नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसारको जनशक्ति रहनेछ। आवश्यकता र औचित्यताको आधारमा नगरपालिकाले संगठन संरचना स्वीकृत गरी अति आवश्यक जनशक्ति थप गर्न सक्नेछ।

(ख) भवन तथा कोठाः- प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, उपचार कक्ष, प्रसुति कक्ष, परिवार योजना, प्रयोगशाला, किशोरकिशोरीमैत्री कक्ष, क्षयरोग उपचार कक्ष, कर्मचारी आवास, बैठक कक्ष लगायतका आवश्यक सुविधा सहितको भवन निर्माण गर्नु पर्नेछ।

(ग) औजार उपकरणः- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहका लागि मापदण्ड अनुसारका आवश्यक औजार उपकरण आपूर्ति गर्नु पर्नेछ।



प्रमुख प्रशासकीय अधिकृत
नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र:- नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाम मुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरु सँगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयुर्वेद औषधालयवा नागरिक आरोग्य केन्द्रको स्थापना तथा सञ्चालन गर्नु पर्नेछ।

**८. निजी क्षेत्रले स्वास्थ्य संस्था सञ्चालन गर्न सक्ने:**

(१) नगरपालिका क्षेत्र भित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा नेपाल सरकारले तोकेको स्वास्थ्य संस्था संचालन मापदण्ड अनुसार १५ शैय्या सम्मको अस्पताल सञ्चालन अनुमति प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले संचालन अनुमतिको लागि तोकिएका मापदण्डहरु पुरा गरी आवश्यक कागजातहरु सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(३) नगर स्वास्थ्य समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएका मापदण्ड पुरा गरेको भएमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले अस्पताल सञ्चालन अनुमति प्रदान गर्ने निर्णय गर्नेछ।

(५) उपदफा (४ ) अनुसारको निर्णयको आधारमा नगरपालिकाले अस्पताल संचालन अनुमति प्रदान गर्नेछ।

(६) नगरपालिकाले नगर क्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको कम्तिमा बार्षिक रुपमा २ पटक र आवश्यकता अनुसार थप अनुगमन गर्न सक्नेछ।

(७) निजी स्वास्थ्य संस्थाहरुले आफ्नो मासिक, वार्षिक प्रतिबेदन तोकिएको ढाँचामा नगरपालिकालाई बुझाउनु पर्नेछ।

(८) अस्पताल सञ्चालन सम्वन्धी अन्य मापदण्डहरु संघीय, प्रदेश सरकार वा नगरपालिकाले तोके बमोजिम हुनेछ।

(९) क्लिनिक, पोलिक्लिनिक, डेन्टल क्लिनिक सञ्चालनको अनुमति सम्बन्धी अन्य व्यवस्था संघीय, प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(१०) अस्पताल, प्रयोगशाला लगायतका स्वास्थ्य संस्थाहरुको दर्ता तथा नवीकरण शुल्क नगरपालिकाको राजश्व परामर्श समितिको सिफारिसमा नगरसभाले स्वीकृत गरे वमोजिम हुनेछ।

**९. प्रयोगशाला सञ्चालन:** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला सञ्चालन गर्न चाहेमा प्रयोगशाला संचालन सम्बन्धी संघीय, प्रदेश सरकारले तोकेको मापदण्ड वमोजिमका मापदण्डहरु पुरा गरेमा संचालन अनुमति लिई संचालन गर्न सक्नेछन।

**१०. फार्मेसी संचालन:** फार्मेसी सञ्चालन गर्ने व्यक्ति वा फर्मले औषधी व्यवस्था बिभागबाट संचालन अनुमति लिइ तोकिएको मापदण्ड पुरा गरी फार्मेसी सञ्चालन अनुमतिपत्र सहितका आवश्यक कागजात पेश गरेमा नगरपालिकाले व्यवसाय दर्ता गर्न सक्नेछ।

**११. मापदण्ड पुरा नगरेमा सजाय हुने:**

(१) अस्पताल, स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नगरी झुक्याएर विवरण पेश गरेको, प्रचलित कानून विपरितका कार्यहरु गरेको वा सेवा प्रवाहमा तोकिएका मापदण्डहरु पुरा नगरेको पाइएमा नगरपालिकाले सचेत गराउने, तोकिए बमोजिमको जरिवाना गराउने तथा स्वीकृति खारेजी सम्म गर्न सक्ने र सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

(२) प्रयोगशालामा मापदण्डमा तोकिएका प्रयोगशालाकर्मी बाहेकका ब्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशालालाई सचेत गराउने, तोकिए बमोजिमको जरिवाना गराउने तथा स्वीकृति खारेजी सम्म गर्न सक्ने, सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र फार्मेसी प्राविधिक बाहेक अरुले औषधी बिक्रि वितरण गरेको, प्रचलित कानून बिपरितका कार्यहरु गरेको पाइएमा सचेत गराउने, कार्यवाहीको लागि संचालन अनुमति प्रदान गर्ने संस्थालाई सिफारिस गर्न सक्नेछ।

**१२. सहुलियत र छुटको ब्यवस्था गर्नुपर्ने**: निजी, सामुदायिक र ट्रष्ट मार्फत् सञ्चालनमा आएका अस्पताल तथा स्वास्थ्य संस्थाहरुले नेपाल सरकारको प्रचलित नियम अनुसार तोकिएका सेवाग्राहीहरुलाई निःशुल्क सेवा प्रदान गर्नु पर्नेछ।

## परिच्छेदः ४

## स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी व्यवस्था

**१३. स्वास्थ्यकर्मीहरुको व्यवस्थापन:**

नगरपालिका भित्रका सरकारी र सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ३ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन:

(१) स्थायीः- नगरपालिका अन्तर्गत स्वास्थ्य सेवामा रहेका, स्थानीय तहमा समायोजन भई आएका, लोकसेवा आयोगबाट सिफारिस भई आएका र अन्य स्थानीय तहबाट प्रदेश कानुन वमोजिम सरुवा भई आएका स्वास्थ्यकर्मीहरु,

(२) करारः- स्थानीय आवश्यकता र सेवा विशिष्टताका आधारमा रिक्त दरबन्दी तथा दरबन्दी स्वीकृत नभएका स्वास्थ्य संस्थाहरुमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु,

(३) अन्य स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरुः-

(क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु,

(ख) छात्रवृत्ति तथा ओ.जे.टि. मा खटिएका स्वास्थ्यकर्मीहरु,

**१४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको व्यबस्थापन**: समुदायमा प्रतिकारात्मक तथा प्रबर्द्धनात्मक स्वास्थ्य सेवाहरु घरदैलोमै प्रवाह गर्नका लागि नगरपालिकाले स्वास्थ्य आमा समुहको छनौट तथा सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिसमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ।

(१) रिक्त स्थानमा नयाँ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौट गर्दा २५ देखि ४५ वर्ष सम्मका सम्वन्धित वडामा नियमित बसोबास गरिरहेका, कम्तिमा १० कक्षा उत्तीर्ण र कम्तिमा ५ बर्ष सेवा गर्न सक्ने विवाहित महिला हुनु पर्नेछ।

(२) ६० बर्ष उमेर पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई रु. पच्चीस हजार प्रोत्साहन भत्ता उपलव्ध गरी सम्मानजनक विदाई गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि ५० बर्ष उमेर पुरा भएका वा जटिल प्रकारका रोगहरुवाट पिडित भएका वा अशक्त भएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले स्वेच्छिक रुपमा सेवावाट अवकास लिन चाहेमा समेत उपदफा (२) वमोजिमको प्रोत्साहन भत्ता उपलव्ध गरी सम्मानजनक विदाई गर्न सकिनेछ।

(४) कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारी, शिक्षक, राजनैतिक दलको तर्फवाट जनप्रतिनिधिको लागि उम्मेदवार भएका वा निर्वाचित जनप्रतिनिधिले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाइने छैन।

प्रमुख प्रशासकीय अधिकृत

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

(५) नगरपालिका अन्तर्गत कार्यरत कुनै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई नेपाल सरकारले तोकेका कडा रोगहरु लागि उपचार गर्नु परेको अवस्था वा अन्य जटिल स्वास्थ्य समस्या भइ जटिल प्रकारका शल्यक्रिया गरेको अवस्था रु. पच्चीस हजार सम्म आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

(६) सबै वडा वाट १-१ जना सदस्य रहने गरि नगर स्तरीय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका संजाल गठन गर्न सक्नेछन ।

(७) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी अन्य व्यवस्था राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य कार्यक्रम रणनीति अनुसार हुनेछ ।

**१५. स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मीः- नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव भत्ता र नगर सभाले तोके वमोजिमको अन्य सेवा सुविधा ।

(२) करार स्वास्थ्यकर्मीः- नगर सभाले तोकेको तलब स्केल तथा अन्य सेवा सुविधा र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाः- संघीय सरकार मार्फत उपलब्ध हुने पोशाक प्रोत्साहन, मासिक रुपमा यातायात खर्च र स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानमा खटाइएको समयमा तोकिएको यातायात खर्चको साथै नगरपालिका बाट संचार, प्रोत्साहन, उपचार खर्च लगायत तोकेका अन्य सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

**१६. दरवन्दी तथा नियुक्ती :**

(१) सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको न्यूनतम दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै स्वास्थ्य संस्थामा सेवाग्राहीहरुको चाप, आवश्यकता र औचित्यताको आधारमा नगरपालिकाले स्वास्थ्यकर्मीलाई दरबन्दी भन्दा थपघट गरी खटन पटन गर्न सक्नेछ ।

(३) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन, सरुवा वा लोकसेवा आयोगवाट पदपूर्ति भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन ।

(४) स्थायी दरवन्दी स्वीकृत नभएका स्वास्थ्य संस्थाहरु र स्थायी दरवन्दी रिक्त भएको अवस्थामा प्रचलित कानुन अनुसार सेवा करार मार्फत चिकित्सक, स्वास्थ्यकर्मी, कार्यालय सहयोगी, सफाईकर्मी र एम्बुलेन्स चालक जस्ता पदहरुमा कर्मचारी छनौट गरी नियुक्ति गर्न सक्नेछ ।

**१७. सरुवा तथा कामकाज :**

(१) कुनै पनि कर्मचारीलाई कामकाजमा नगरपालिका क्षेत्र भित्र खटाउदा, सरुवा वा पदस्थापन गर्दा निजको नियुक्ती, समायोजन, पदस्थापन, कार्य दक्षता, कार्यक्षमता, योग्यता, साबिकको पदमा रही गरेको कार्य सम्पादन मुल्यांकन, जिम्मेवारी बहन, प्राप्त तालिम तथा सो संस्थाबाट प्रदान हुने मिल्दो सेवा तथा दरबन्दी समेतलाई आधार मानिनेछ ।

(२) कुनै स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको न्युनतम सेवा अवधी २ (रुजु हाजिरी) बर्ष पुरा भए पछि सरुवा वा कामकाजमा खटाउन सकिनेछ । प्रत्येक बर्ष असोज महिनामा नगरपालिका भित्रको एक अर्को स्वास्थ्य संस्थामा कामकाजमा खटाउन वा सरुवा गर्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि महामारी तथा प्रकोप, बिपतको अवस्था, कुनै स्वास्थ्य संस्थामा दरवन्दी रिक्त हुन गई सेवा प्रभावित भएको वा हुनसक्ने अवस्था आएमा र पारस्परीक सरुवा माग गरेको अवस्थामा तोकिएको न्युनतम अवधि र समय नपुग्दै कामकाजमा खटाउन वा सरुवा गर्न सकिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

(४) कुनै कर्मचारीको कार्य सम्पादन उपर पटक पटक गुनासो आई सचेत गराउदा समेत सुधार नभएको वा तोकिएको जिम्मेवारी पुरा नगरी लापरवाही गरेमा तोकिएको न्युनतम सेवा अवधी पुरा नहुदै पनि अन्य स्वास्थ्य संस्थामा कामकाजमा खटाउन वा सरुवा गर्न सकिनेछ ।

(५) अनिवार्य अवकास हुनु ३ बर्ष अवधि बाकी रहेका, नेपाल सरकारले तोकेका कडा रोग लागि उपचाररत रहेको, हिडडुल गर्न नसक्ने खालको शारीरिक अपांगता, दुर्घटनामा वा सिकिस्त बिरामी परी अस्पतालमा उपचार गराउनु परेको अवस्थाका कर्मचारीहरुलाई सम्भव भए सम्म घरपायक वा सहज स्थानको रिक्त दरबन्दीमा कामकाजमा खटाउने वा सरुवा गर्न सकिनेछ ।

**१८. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने:**

(१) प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुखले स्वास्थ्य संस्था प्रमुखहरुसँग र स्वास्थ्य संस्था प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्न सक्नेछ ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । प्रमुख प्रशासकीय अधिकृतले करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु नगर स्वास्थ्य समितिले तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गर्नु पर्नेछ ।

**१९. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार:**

(१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादनको आधारमा उत्कृष्ट कार्य सम्पादन गर्ने लाई पुरस्कृत र तोकिएको जिम्मेवारी पुरा नगर्ने, सेवा प्रवाहमा लापरवाही गर्ने कर्मचारीलाई सजाय गरिनेछ ।

(२) नगर स्वास्थ्य समितिले कार्य सम्पादन सम्झौताको मुल्यांकन गरी पुरस्कार र सजायका लागि नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।

## परिच्छेद: ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२०. वार्षिक खरिद योजना बनाउनु पर्ने:**

(१) आफ्नो क्षेत्र भित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

**२१. औषधी तथा स्वास्थ्य उपकरण खरिद:**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि खरिद इकाईको समन्वयमा नगरपालिकाको जिन्सी वा स्वास्थ्य शाखाले प्रक्रिया अघि वढाउनेछ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्य प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा स्थानीय कानूनहरुको प्रावधान अनुसार गर्नु पर्नेछ ।

**२२. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण:**

(१) स्वास्थ्य उपकरण र औषधीको भण्डारण तोकिएको मापदण्ड अनुसार उचित तरिकाले गर्नु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

(२) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारण तथा स्वास्थ्य संस्थाहरुलाई वितरणको व्यवस्था नगरपालिकाको जिन्सी वा स्वास्थ्य शाखाले मिलाउनेछ ।

(३) सम्वन्धित स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेका औषधी तथा उपकरणहरुको उचित तरिकाले भण्डारण तथा दाखिला गरि स्वास्थ्य शाखामा प्रतिबेदन उपलब्ध गराउनु पर्नेछ । स्वास्थ्य संस्थाबाट वितरण गरिएका औषधीहरुको अभिलेख राखी उचित तरिकाले वितरण गर्नु पर्नेछ ।

(४) नेपाल सरकारले निशुल्क उपलब्ध गराउन तोकिएका बाहेकका अन्य औषधीहरु सेवाग्राहीलाई सुलभ दरमा उपलब्ध गराउन स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन समितिको सिफारिसमा आधारभूत अस्पताल वा स्वास्थ्य संस्थाले सुलभ फार्मेसी संचालन गर्न सक्नेछन ।

## परिच्छेद –६

## स्वास्थ्य सेवाको न्यूनतम मुल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

### २३. स्वास्थ्य सेवाको न्यूनतम मुल्य र गुणस्तर तोक्न सक्ने:

(१) नगर कार्यपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । नगर स्वास्थ्य समिति मार्फत निर्धारित गुणस्तर, मुल्य लागु भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिन सकिनेछ ।

### २४. सामाजिक सुरक्षा कार्यक्रम, स्वास्थ्य शिविर सञ्चालन तथा व्यवस्थापन:

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यक्ता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्धारण गरी सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(३) गरिव, विपन्न तथा लक्षित बर्गहरुको लागि निशुल्क स्वास्थ्य विमा गर्ने व्यवस्था नगर कार्यपालिकाले गर्नु पर्नेछ ।

(४) वार्षिक रुपमा आवश्यकता अनुसार स्वास्थ्य शिविरहरु संचालन गर्न गराउन सक्नेछ ।

## परिच्छेद– ७

## संक्रामक रोगको रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

### २५. संक्रामक रोग तथा बिरामीहरुको उपचार तथा अभिलेख राख्नु पर्ने:

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई संक्रामक रोग लागेमा, सामाजिक कारणले गोपनियता कायम राख्नु पर्ने रोगहरु बाहेकका रोग लागेको जानकारी २४ घण्टा भित्र नजिकको स्वास्थ्य संस्थामा वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई दिनु पर्नेछ र यथाशिघ्र उपचार तथा परामर्शको लागि स्वास्थ्य संस्था आउनु पर्नेछ र स्वास्थ्य संस्थाले यथाशिघ्र सो को जानकारी नगरपालिकालाई गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संक्रामक रोगको महामारीवाट एकै चोटी धैरे जना प्रभावित भएको अवस्थामा प्रभावित क्षेत्रको नजिकको उपयुक्त स्थानमा अस्थायी क्याम्प खडा गरी रोकथाम, उपचार तथा व्यबस्थापन गर्नु पर्नेछ ।

(३) नगरपालिकाले संक्रामक रोग तथा महामारीको थप अध्ययन, नियन्त्रण र आवश्यक सहयोगका लागि सम्बन्धित निकायलाई समेत यथाशिघ्र जानकारी गराउनु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

(४) संक्रामक रोग लागेका बिरामीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले दैनिक, मासिक रुपमा तोकिएको सरकारी स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

**२६. संक्रामक रोगको रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने:**

(१) स्थानीय स्तरमा संक्रामक रोगको महामारी फैलिएमा नगरपालिकाले सो को प्रभाव क्षेत्र निर्क्यौल गरी बजार, विद्यालय जस्ता सार्वजनिक स्थलहरु वन्द गर्न, अस्थायी रुपमा क्वारेन्टाइनको ब्यबस्थापन वा नागरिकहरुलाई आवतजावतमा प्रतिवन्ध समेत लगाउन सक्नेछ।

(२) उपदफा (१) अनुसारको परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्ति, औषधी तथा आवश्यक सामग्रीहरुको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार लगायतका सरोकारवालाहरुलाई अनुरोध गरी प्रभावकारी परिचालन सक्नेछ।

(३) महामारी नियन्त्रण सम्बन्धी अन्य व्यवस्था संघीय तथा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(४) पालिका स्तरीय द्रुत प्रतिकार्य समिति र द्रुत प्रतिकार्य टोलीको गठन तथा काम कर्तब्य तथा अधिकार संघीय सरकारले तोके अनुसार हुनेछ।

(५) वडा भित्रका सम्भावित महामारी तथा प्रकोप नियन्त्रण गर्न वडा अध्यक्षको संयोजकत्वमा तपसिल अनुसारको वडा स्तरीय द्रुत प्रतिकार्य समिति गठन गर्न सकिनेछ।

| | |
|---|---|
| सम्बन्धित वडाको, वडा अध्यक्ष | - संयोजक |
| निर्वाचित महिला वडा सदस्य | - सदस्य |
| वडा सचिब | - सदस्य |
| महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मध्ये १ जना | - सदस्य |
| बिधालयका प्र. अ. हरु मध्ये १ जना | -सदस्य |
| संघ संस्था, प्रहरी चौकी लगायतका सरोकारवाला मध्ये १ जना | - सदस्य |
| स्वास्थ्य संस्था प्रमुख | - सदस्य सचिब |

(६) वडा भित्रका सम्भावित महामारी तथा प्रकोप नियन्त्रण गर्न स्थानीय स्वास्थ्य संस्था प्रमुखको संयोजकत्वमा तपसिल अनुसारको वडा स्तरीय द्रुत प्रतिकार्य टोली गठन गर्न सकिनेछ।

| | |
|---|---|
| स्थानीय स्वास्थ्य संस्था प्रमुख | - संयोजक |
| नर्सिंग कर्मचारी १ जना | - सदस्य |
| पारामेडिकस १ जना | - सदस्य |
| प्रयोगशालाकर्मी १ जना | - सदस्य |
| महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मध्ये १ जना | - सदस्य |

एम्बुलेन्स चालक, सहयोगी कर्मचारीहरुलाई समेत द्रुत प्रतिकार्य टोलीमा मनोनित गर्न सकिनेछ।

**२७. मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन:**

(१) मदिरा तथा सुर्ती जन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट प्रचलित कानुन वमोजिम अनुमति लिनु पर्नेछ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा मदिरा तथा सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न पाईने छैन।

(३) सुर्ती तथा मदिराजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ। विद्यालय, सरकारी कार्यालय, स्वास्थ्य संस्था, हाटवजार जस्ता क्षेत्रहरुको १०० मिटर भित्र सुर्तीजन्य पदार्थ, धुम्रपान र मदिरा सेवन तथा बिक्री वितरण गर्न पाईने छैन।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

(४) खाद्य पदार्थ सँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ।

**२८. स्वास्थ्य संस्था जन्य फोहोरमैला व्यवस्थापन :**

(१) स्वास्थ्य संस्थाहरुबाट उत्पादन हुने स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन तोकिएको मापदण्ड अनुसार गर्नुपर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनको लागि अनिवार्य रुपमा वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्नेछ।

## परिच्छेद ८
## आकस्मिक स्वास्थ्य सेवा

**२९. आकस्मिक स्वास्थ्य सेवाबाट बन्देज नगरिने:**

(१) नगरपालिका क्षेत्रमा चौबिसै घण्टे स्वास्थ्य सेवाको लागि तोकिएका स्वास्थ्य संस्थाहरुमा कुनै पनि विरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीहरुले स्रोत, साधन तथा दक्षताले भ्याए सम्म कुनै पनि ब्यक्तिको जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउने सम्म आकस्मिक उपचार गर्नु कर्तव्य र दायित्व हुनेछ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि विरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता निर्धारण गरी उपचार गर्नुपर्नेछ।

**३०. एम्बुलेन्स तथा शव वाहन सेवा:**

(१) नगरपालिकाले आफै वा अन्य संस्थासंगको सहकार्यमा एम्बुलेस वा शव बाहन सेवा संचालन गर्न सक्नेछ।

(२) नगरपालिकाले नगर क्षेत्र भित्र संचालन हुने एम्बुलेन्सहरु नेपाल सरकार तथा स्थानीय तहले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन तथा नियमन गर्नेछ।

(३) एम्बुलेन्सहरुको सेवा शुल्क जिल्ला एम्बुलेन्स व्यबस्थापन समिति वा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(४) दर्ता तथा नविकरण नभएका वा मापदण्ड नपुगेका एम्बुलेन्स तथा शव वाहन नगर कार्यपालिकाले संचालनमा रोक लगाउन वा नियन्त्रणमा लिन सक्नेछ।

## परिच्छेद -९
## सेवा प्रदायकको दायित्व तथा सेवाग्राहीको कर्तब्य

**३१. सेवा प्रदायकको दायित्व तथा अधिकार :**

(१) नागरिकलाई आफनो कार्यविवरण तथा तोकिएको आचारसंहिता अनुसार शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ।

(२) उपचार तथा सेवा प्रदान गर्दा सबै सेवाग्राही प्रति समान व्यवहार र भेदभाव रहित सेवा दिनु सबै स्वास्थ्यकर्मीको कर्तब्य हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि बिरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकीकरण गरि उपचार गर्न सक्नेछन।

(४) स्वास्थ्यकर्मीहरुलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

**३२. स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने** : स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि कारणले स्वास्थ्य संस्थामा नियमित तथा आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन।

**३३. गुनासो व्यवस्थापन** : स्वास्थ्य व्यवस्थापन समितिले स्वास्थ्य संस्था स्तरमा र नगर कार्यपालिकाले नगरपालिका स्तरमा स्वास्थ्य सेवा, सरसफाई र जनस्वास्थ्य संग सम्बन्धित गुनासो र उजुरी संकलन गर्ने र त्यसको सम्बोधन तथा सिफारिस गर्न एक अधिकारी तोक्न सक्नेछ।

**३४. सेवाग्राहीको कर्तब्य :**

(१) नियमित रुपमा आफुलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परिक्षण तथा राय सुझाव लिनु र तोकिएका स्वास्थ्य मापदण्डहरुको पालना गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्य प्रति सचेत रहने, स्वास्थ्यलाई हानी पुर्याउने व्यवहार र अभ्यासहरु अवलम्बन नगर्ने तथा त्याग गर्ने र सेवा प्रदायक प्रति मर्यादित एवं शिष्ट व्यबहार गर्नु सेवाग्राहीको कर्तव्य हुनेछ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई बाधेर राख्ने वा खोरमा थुन्ने जस्ता अमर्यादित कार्यहरुको सट्टामा स्वास्थ्य संस्थामा उपचारको लागि लैजाने, उपचारमा सहयोग गर्ने, नगर कार्यपालिकालाई जानकारी गराउने जस्ता मानवीय कार्य गर्नु सबै नागरिकको कर्तव्य हुनेछ।

(४) कुनै पनि बहानामा स्वास्थ्य संस्थाको सार्वजनिक सम्पत्ति माथि क्षति पुर्याउनु पाईने छैन। क्षति पुर्याएको खण्डमा प्रचलित कानुन वमोजिम दोषी बाट क्षतिपूर्ति असुल गरिनेछ।

(५) सेवाग्राहीको कर्तव्य सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन वमोजिम हुनेछ।

## परिच्छेद- १०
## साझेदारी र सहकार्य

**३५. साझेदारी र सहकार्य गर्न सक्ने:**

(१) नगरपालिकाले आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न प्रचलित कानुनको अधिनमा रही आवश्यकता अनुसार स्थानीय, प्रदेश र संघीय तहमा कार्यरत निजी, सरकारी र गैर सरकारी संघ-संस्था तथा निकाय संग समन्वय एवं सहकार्य गर्न सक्नेछ।

(२) सेवा प्रवाहको सुलभताका लागि अन्य स्थानीय सरकारहरुसंग सहकार्य गरी आफ्नै क्षेत्र भित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थाहरु संग सहकार्य गर्न सक्नेछ।

(३) उपदफा (२) वमोजिमको सहकार्य गर्न नगर कार्यपालिकाले अन्य स्थानीय तह संग लक्षित जनसंख्या वा सेवाग्राहीको अनुपातको आधारमा खर्च बाँडफाँड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्नु पर्नेछ।

**३६. सेवा खरिद सम्झौता गर्न सक्ने :**

(१) नगरपालिका क्षेत्र भित्रका वासिन्दाहरुलाई आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्नको लागि कार्यपालिकाले नगरपालिकाको क्षेत्र भित्र वा आसपासको पायक पर्ने स्थानमा संचालित निजी, गैरसरकारी, सामुदायिक सरकारी वा सहकारी संस्थाले संचालन गरेका स्वास्थ्य संस्था वा विशेषज्ञहरुसंग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

**३७. विद्यालय स्वास्थ्य सेवा :**

(१) नगरपालिकाले शिक्षण संस्था वा माध्यमिक विद्यालयहरुसंग सहकार्य गरि विद्यालय स्वास्थ्य शिक्षा तथा स्वास्थ्य सेवा प्रदान गर्न नजिकको स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्यकर्मीहरु आवश्यकता अनुसार खटाउने वा विद्यालय नर्सको व्यवस्था गर्न सक्नेछ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धीको व्यबस्था र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -११
## स्वास्थ्य प्रबिधि, स्वास्थ्य सूचना प्रणाली, तथ्यांक र अभिलेख व्यवस्थापन

### ३८. तथ्यांक संकलन र अभिलेखीकरण :

(१) नगरपालिकाले आफ्नो क्षेत्रको समुदाय, परिवारसम्मको स्वास्थ्य तथा जनसंख्या सम्बन्धीको बिस्तृत तथ्यांक तथा अभिलेख संकलन गरि नियमित रुपमा अध्यावधिक गर्ने पद्धतिको विकास गर्नेछ ।

(२) नगरपालिका क्षेत्र भित्रका सरकारी, निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरुले तोकिएको ढाँचामा अभिलेख राख्ने र दैनिक, साप्ताहिक र मासिक रुपमा सूचना ब्यबस्थापन प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।

(३) प्रत्येक संस्थाले जन्म तथा सेवा सम्बन्धीको अभिलेख अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(४) नगरपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले स्वास्थ्य सम्बन्धीको व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियता सुनिश्चित गर्नुपर्नेछ ।

(५) स्वास्थ्य संस्था तथा नगरपालिकाले तोकिएको ढाँचामा स्वास्थ्य सेवा प्रदान गरेको विवरण मासिक रुपमा सार्बजनिक गर्नु पर्नेछ ।

(६) नगरपालिकाले आवधिक रुपमा स्वास्थ्य सर्वेक्षण गर्न सक्नेछ ।

(७) सरकारी बाहेकका अन्य निकाय वा व्यक्तिले तथ्यांकको माग गरेमा तथ्यांकको प्रयोगको आवश्यकता हेरी दिन मिल्ने तथ्यांक वा सूचना उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद –१२
## विविध

### ३९. सिफारिस लिनु पर्ने:

(१) संघीय र प्रादेशिक मापदण्ड अनुरुप पोलिक्लिनिक, डेन्टल क्लिनिक, निजी स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र लगायतका स्वास्थ्य संस्थाहरु सम्बन्धित निकायमा दर्ता गर्न पूर्व सम्वन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप आवश्यक रहेको खण्डमा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

(३) नगरपालिका क्षेत्र भित्र अस्थायी रुपमा स-शुल्क स्वास्थ्य शिबिर संचालन गर्न चाहने व्यक्ति वा संस्थाहरुले आफुले उपलब्ध गराउने सेवा, चिकित्सक र स्वास्थ्यकर्मीको विवरण, सेवा शुल्क सहितको प्रस्ताव पेश गरेमा सेवा शुल्क उपयुक्त, सेवाग्राहीलाई फाइदाजनक हुने र लक्षित बर्गका सेवाग्राहीलाई नि:शुल्क सेवा प्रदान गर्ने सुनिश्चितता पश्चात नगर स्वास्थ्य समितिको निर्णयानुसार संचालन अनुमति प्रदान गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम सिफारिस र (३) बमोजिम स्वास्थ्य शिविर अनुमति लिदा नगरपालिकामा तोकिएको राजश्व बुझाउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**४०. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्याउनु पर्ने**: स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई नगरपालिकाले समन्वय तथा सहयोग गर्नु पर्नेछ ।

**४१. अभिमुखीकरण तथा नियमन** : नगरपालिकाले स्वास्थ्य आमासमूह, धामीझाक्री, ज्योतिषी, स्थानीय बैद्य जस्ता परम्परागत सेवा प्रदायकहरुको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलाप तथा सेवालाई समय सापेक्ष स्वास्थ्यमैत्री बनाउन आवश्यक तालिम, अभिमुखीकरण तथा नियमन गर्नेछ ।

**४२. सहकार्य तथा सहायता:** नगरपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक संघसंस्था, ट्रष्ट र ब्यक्तिहरुसँग आवश्यक कार्यहरुका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरुबाट औषधी, उपकरण, प्राविधिक सेवा, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**४३. पुनरावेदन:** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन गर्न सकिनेछ ।

**४४. प्रचलित कानुन बमोजिम हुने**: यो ऐन वा ऐन अन्तर्गत बनेका नियममा उल्लेख भएका व्यवस्था सोही बमोजिम र यस ऐनमा उल्लेख नभएका व्यवस्था प्रचलित नेपाल कानून बमोजिम हुनेछन ।

**४५. नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयन गर्नका लागि पाटन नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**४६. निर्देशिका, कार्यविधी र मापदण्ड बनाउन सक्ने:** यस ऐन तथा ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयन गर्नका लागि पाटन नगरपालिकाले आवश्यक निर्देशिका, कार्यबिधी तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**४७. बाधा अडकाउ फुकाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर यस्तो आदेश नगरसभाले अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

**४८. बचाउ तथा लागु नहुने :**

(१) यस ऐनमा भएका कुनै दफा वा व्यवस्था संघीय, प्रदेश कानुन संग वाझिएमा उक्त दफा वा व्यवस्था र पाटन नगरपालिकाको बिगतका आधारभूत स्वास्थ्य तथा सरसफाई ऐन समेत स्वत: निस्कृय हुनेछन ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख